प्रा.डा. ध्रुवेशचन्द्र रेग्मी

# नेपाली सङ्गीत दरबार

## आदिकालदेखि आधुनिककालसम्म



SIRJANĀ
The Journal of Arts and Art Education
Vol. X, 2024: 14-21
Sirjana College of Fine Arts

## पुस्तक समीक्षा

## प्रा. डा. ध्रुवेशचन्द्र रेग्मीद्वारा लिखित
## नेपाली सङ्गीत दरबार : आदिकालदेखि आधुनिक कालसम्म
## काठमाडौं : बुकहिल प्रा. लि. (वि. सं. २०८०)
## पृ. २६८+२०, सन्दर्भ सामग्री, परिशिष्ट, सजिल्द

**समीक्षक** : **प्रा. त्रिरत्न मानन्धर, पिएचडी**

नेपाली सङ्गीतको इतिहास सयौं वर्ष पुरानो भए तापनि नयाँ पुराना गीतहरूको सङ्कलनबाहेक नेपाली सङ्गीत सम्बन्धी पुस्तकहरू विरलै प्रकाशित भएका छन् । स्वदेशी र विदेशी लेखकहरूले लेखेका त्यस्ता केही पुस्तकहरू महत्त्वपूर्ण छन् नै, त्यसमा पनि लामो समयसम्म नेपाली सङ्गीतको क्षेत्रमा सक्रिय रूपमा संलग्न व्यक्तिका कलमबाट सिर्जित कृतिहरू अत्यन्त महत्त्वपूर्ण हुन्छन् । समीक्षा गर्न लागिएको प्रस्तुत पुस्तक त्यही कोटीमा पर्छ । सितार वादकका रूपमा सुपरिचित रेग्मी घरानाका एक सन्तति तथा सङ्गीत विषयमा नै विद्यावारिधि (पिएचडी) गरी विश्वविद्यालय स्तरको सङ्गीत शिक्षामा लामो समयदेखि संलग्न प्रा. डा. ध्रुवेशचन्द्र रेग्मीद्वारा लिखित प्रस्तुत पुस्तक अनेकौं दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको छ ।

नेपाली सङ्गीतको इतिहास सम्बन्धी लेखकका दुई ओटा पुस्तकहरू एकैसाथ प्रकाशनमा आएका छन् — नेपाली भाषा र अङ्ग्रेजी भाषामा । नेपाली भाषाको पुस्तकको शीर्षक रहेको छ — 'नेपाली सङ्गीत दरबार' र अङ्ग्रेजी भाषाको पुस्तकलाई नाम दिइएको छ – 'म्युजिक : मिथ एन्ड मेलोडी' । दुवै पुस्तकका विषयवस्तु तथा तिनमा निहित तथ्य, धारणा एवम् विश्लेषण पनि एउटै रहेको छ । तथापि यी दुई पुस्तक एक अर्काको अनुवाद भने होइन । नेपाली भाषाको पुस्तक विस्तृत रहेको छ, र त्यसमा समाविष्ट तथ्य तथा विश्लेषणलाई अङ्ग्रेजी भाषाको पुस्तकमा भावानुवाद गरी केही हदसम्म सङ्क्षेपीकृत पनि गरिएको छ । यिनै कुरालाई दृष्टिगत गर्दै यहाँ नेपाली भाषाको पुस्तकको समीक्षा गर्न लागिएको छ ।

नेपाली सङ्गीतका विशेषज्ञ स्वर्गीय रामशरण दर्नाल तथा नेपाली/अङ्ग्रेजी साहित्यका विद्वान् अभि सुवेदीको मन्तव्यबाट सुरू गरिएको पुस्तकको आरम्भमा लेखक स्वयम्ले पुस्तकको उद्देश्यमाथि प्रकाश पारेका छन् । नेपाली सङ्गीतसँग सम्बन्धित हालसम्म व्याख्या नगरिएका र छरिएर रहेका ऐतिहासिक सामग्रीहरूलाई विश्लेषण गरी प्रस्तुत गर्ने सम्भवतः पहिलो प्रयास भएको दाबीसमेत लेखकले गरेका छन् ।

दश ओटा अध्यायमा विभाजित प्रस्तुत पुस्तकलाई विषयगत आधारमा तीन भागमा बाँड्न सकिन्छ । पहिलो पाँच ओटा अध्याय (१ देखि ५) मा लेखकले सङ्गीत सम्बन्धी आफ्नो अवधारणा प्रस्तुत गर्नुका अतिरिक्त धर्म, व्यवसाय र जातीय व्यवस्थासँग नेपाली सङ्गीतको अन्तरसम्बन्ध अनि प्राचीन कालदेखि नेपालमा प्रचलित शास्त्रीय र लोक सङ्गीत तथा यससँग सम्बन्धित नृत्यहरूका साथै विभिन्न प्रकारका सङ्गीत वा नृत्यमा प्रयोग गरिने वाद्ययन्त्रबारे विवेचना गरेका छन् । त्यसपछिका चार ओटा अध्याय (६ देखि ९) मा नेपालमा सङ्गीत तथा नृत्यको इतिहास केलाउने प्रयत्न गरिएको छ । वास्तविक रूपमा भन्नुपर्दा पुस्तकको मूल भाग यसैलाई मान्नुपर्छ । लिच्छविकालबाट सुरु गरी मल्ल र शाहकाल हुँदै राणाकालको अन्त्यमा आई सो वर्णन टुङ्ग्याइएको छ । अन्तिम अध्यायमा लेखकले वि. सं. २००७ सालको राजनीतिक परिवर्तनपछि नेपाली सङ्गीतको स्थिति, स्वदेशी तथा विदेशी लेखकहरूद्धारा लिखित सङ्गीत सम्बन्धी कृतिहरु, सङ्गीत क्षेत्रमा महिलाको सहभागिता, सङ्गीतको विकासमा सञ्चार माध्यमको भूमिकाका साथै विश्वविद्यालय तहमा सङ्गीतको अध्यापन र अध्ययन, यसमा निजी क्षेत्रको योगदानबारे चर्चा गर्दै अन्त्यमा सङ्गीतको विकासका लागि केही सुझावहरु पनि प्रस्तुत गरेका छन् ।

सङ्गीत सम्बन्धी अनेकौं पुस्तक र लेखकहरूको गहन अध्ययन गरी लेखकले पुस्तक तयार गरेका छन् । तिनको पूर्ण विवरण सन्दर्भ सामग्रीमा दिइएको छ । लेखकले नेपाली भाषामा प्रकाशित थुप्रै ग्रन्थको अध्ययन गरेका छन् तर तिनका तुलनामा अङ्ग्रेजीमा लेखिएका पुस्तकहरु भने थोरै मात्रामा उपयोग गरिएका छन् । प्रकाशित सामग्रीका अतिरिक्त नेपाली सङ्गीतका जानकारहरूसँग लिइएका अन्तर्वार्ताहरु पनि समाविष्ट छन् । केही महत्त्वपूर्ण जानकारी परिशिष्टमार्फत पनि दिइएका छन् । तिनमा राणाकालीन दरबारमा कार्यरत नेपाली तथा भारतीय सङ्गीतज्ञहरूको सूचीसहित उनीहरूले पाउने वार्षिक तलब पनि प्रस्तुत गरिएका छन् । साथै वीर शमशेरको समयमा भएको 'वगडी सङ्गीत सम्मेलन'मा भाग लिएका सङ्गीतज्ञहरूको सूचीका साथै सो सम्मेलनका प्रत्यक्षदर्शीले 'अमृत बजार' पत्रिकामार्फत दिएका वर्णन पनि परिशिष्टमा दिइएको छ । यी सबैलाई विचार गर्दा लेखकले ठुलो मेहनत गरी प्रस्तुत पुस्तक तयार गरेको देखिन्छ ।

सङ्गीत सम्बन्धी आफ्नो अवधारणा राख्ने क्रममा लेखकले प्रचलित शास्त्रीय सङ्गीतलाई 'भारतीय सङ्गीत' भनी नामकरण गरिएकोमा आपत्ति जनाएका छन् । शास्त्रीय सङ्गीतको मूलग्रन्थ भरतनाट्यशास्त्रमा नेपालबारे स्पष्ट रूपमा उल्लेख भएबाट प्राचीन कालदेखि नै नेपालमा शास्त्रीय सङ्गीतको परम्परा रहेको उनको धारणा रहेको छ । लेखकको यो भनाइ धेरै हदसम्म तथ्यपूर्ण देखिए तापनि यसलाई तत्कालीन स्रोतहरु, जस्तै : शिलालेख, वंशावली, विदेशीहरूको वर्णनबाट पनि पुष्टि गरिनुपर्ने देखिन्छ ।

विशेषतः मध्यकालमा विकसित नेपालको सङ्गीतसँग हिन्दु र बौद्ध धर्मको गहिरो सम्बन्ध रहेको लेखकको भनाइ धेरै हदसम्म तथ्यपूर्ण देखिए तापनि सङ्गीतको विकासमा धर्म बाधक नभएको तथ्यलाई हामिले बिर्सिनु हुँदैन । उदाहरणका रूपमा नेपाल उपत्यकाका बौद्ध धर्मावलम्बी नेवारहरूले गाउने गरेका दाफा भजनहरूमा बुद्ध सम्बन्धी भन्दा महादेव, नारायण, कृष्ण र देवीका भजनहरु अत्याधिक मात्रामा

रहेका छन् । यसका साथै बौद्ध नेवारहरूले सङ्गीतका प्रमुख देवताका रूपमा पूजा गरी सङ्गीत साधना सुरू गर्ने 'नासःद्यः' महादेवकै अर्को रूप हो ।

लेखकले सङ्गीतलाई व्यवसायसँग जोड्ने पनि प्रयास गरेका छन् । यस सम्बन्धमा पनि सङ्गीत तथा नृत्य स्वतन्त्र व्यवसायका रूपमा विकास भएको देखिँदैन । उदाहरणका लागि दमाईहरु पञ्चेबाजालगायत ब्यान्डबाजा बजाउन पोख्त छन्, तथापि उनीहरूको मुख्य व्यवसाय त लुगा सिउनु नै हो । यस्तै प्रकारले नेवार समुदायअन्तर्गतका ज्यापुहरु (महर्जन) धिमेबाजा बजाउन र विभिन्न वाद्ययन्त्र प्रयोग गरी दाफा भजन गाउन सिपालु छन्, अपितु उनीहरूको मुख्य पेसा त कृषि नै हो ।

नेपाली सङ्गीत र नृत्यलाई लेखकले चार भागमा विभाजन गरेका छन् – हिमाली, तराई, पहाडी तथा नेपाल (काठमाडौँ) उपत्यका । तीमध्ये हिमाली सङ्गीत तिब्बति संस्कृतिबाट प्रभावित भएको तथा तराईको सङ्गीतमा भारतीय छाप परेकाले नेपालको आफ्नै मौलिक सङ्गीतको झलक पहाडी र उपत्यकाको सङ्गीतमा देखिन्छ भन्ने लेखकको भनाइ सही देखिन्छ ।

नेपालका विभिन्न भागमा गाइने गीत र नाचिने नृत्यबारे लेखकले छोटकरीमा चर्चा गरेका छन् भने ती गीत र नृत्यसँग सम्बन्धित वाद्ययन्त्रबारे पनि राम्रो प्रकाश पारेका छन् । परन्तु काठमाडौँ उपत्यकामा गाइने दाफा भजनसँग सम्बन्धित वाद्ययन्त्रबारे भने उल्लेख मात्रै गरी व्याख्या नगरिनाले पाठकहरूलाई अलि खल्लो लाग्न सक्छ । ती बाजा हालसम्म पनि उपत्यकाका नेवारहरूले विभिन्न पर्वमा बजाउँदै आएका छन् ।

मानिसको जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारमा बजाइने बाजाबारे पनि लेखकले राम्रो प्रकाश पारेका छन् । विशेष गरेर विवाह र मृत्यु संस्कारका बेला बाजाको आफ्नै महत्त्व रहेको हुन्छ । विवाहको बेला बजाइने बाजा त राणाकालको अन्त्यतिरै लोप भई यसको ठाउँ ब्यान्डबाजाले लिइसकेको थियो तर मृत्युको बेला बजाइने बाजा भने हालसम्म पनि यथावत् छ । यस बाजालाई लेखकले 'सिंबाजा' भनेका छन् । यसको अर्थ 'काठको बाजा' भन्ने हुन्छ । यसको सही नाम 'सी बाजा' हो । यसले मृत्यु संस्कारको बेला बजाइने बाजालाई जनाउँछ ।

पुस्तकको मुख्य भागका रूपमा रहेको नेपाली सङ्गीतको इतिहासबारे समीक्षा गर्दा लेखकले लिच्छविकालका स्रोतमा प्रत्यक्ष रूपमा सङ्गीत सम्बन्धी विवरण नपाइए तापनि त्यति बेलाका केही शिलालेखमा सङ्गीत सम्बन्धी केही शब्द आएको र तत्कालीन मूर्तिहरूमा पनि वाद्ययन्त्रका साथै नृत्य मुद्रा पनि देखिएकोले त्यो बेला नेपालमा सङ्गीत वा नृत्यको अभ्यास गरिन्थ्यो भन्ने लेखकको भनाइ सही देखिन्छ । तर अंशुवर्माले रचना गरेको भनिएको कृतिलाई लेखकले 'ध्वनि विज्ञान'को संज्ञा दिई उक्त ग्रन्थ सङ्गीतसँग सम्बन्धित भएको धारणा व्यक्त गरेका छन् । अपितु चिनियाँ यात्रीको वर्णनमा उक्त कृतिको नाम 'शब्दविद्या' उल्लेख भएबाट सो ग्रन्थ शब्दकोश हुन सक्ने राय केही व्यक्तिले व्यक्त गरेका छन्, र लेखकले पनि यस भनाइलाई ससम्मान स्वीकार गरेका छन् । चिनियाँ यात्रीकै शब्दमा 'नेपालीहरु शिक्षित नभए तापनि हरेक कलामा निपूण छन्' भन्ने उक्तिबाट पनि त्यस बेलाका मानिसमा सङ्गीतप्रतिको रूचि स्पष्ट हुन्छ ।

नेपाली सङ्गीतको इतिहासमा मल्लकाललाई स्वर्णयुग मान्न सकिन्छ । यस तथ्यलाई लेखकले

पनि स्वीकार गरेका छन् । त्यस बेलाका राजाहरूको सङ्गीतप्रतिको मोह, नृत्य र नाटकको प्रचलन, कलाकृतिमा सङ्गीतको प्रतिनिधित्व, मल्लकालीन सङ्गीत सम्बन्धी ग्रन्थहरु आदिका बारेमा लेखकले धेरै कुरा त लेखेका छन् तर त्यस ताका रचना गरिएका सयौँ नेवार गीतबारे भने व्याख्या गरेका छैनन् । स्मरणीय छ, त्यस समयका प्रत्येक गीतमा राग र तालको उल्लेख हुन्थ्यो । उदाहरणका लागि : मल्लकालीन पहिलो गीत मानिएको महीन्द्र मल्लको समयमा लेखिएको 'कपटीया मायानं केन्या हे रामा' बोलको गीत राग विभास र ताल प्रतालमा गाइने व्यहोरा उल्लेख भएको छ । तर लेखकले यी गीतका राग र तालबारे कुनै उल्लेख नगरी मल्लकालका जम्मा बाह्र ओटा गीतको शीर्षकलाई नेपालीमा उल्था गरी परिशिष्टमा राखेका छन् । वास्तवमा ती गीतलाई मूल रूपमा राखी त्यससँग सम्बन्धित ताल र रागका बारेमा व्याख्या गरिनुपर्थ्यो । लेखकले सजिलैसँग गर्न सकिने सो कार्य किन गरेनन्, सो उदेकलाग्दो छ ।

पृथ्वीनारायण शाहको नीति सङ्गीत विरोधी थिएन तर सङ्गीत र नृत्यमा लागेर आफ्नो कर्तव्य नबिर्सून् भन्ने उनको आशय रहेको भन्ने लेखकको भनाइ सही देखिन्छ । यसै क्रममा पृथ्वीनारायण शाहले मल्लकालीन सङ्गीत र नृत्यलाई 'शास्त्र बमोजिमको तीनै सहर नेपालको नेवारहरूको नाच' भनी प्रशंसा गरेका छन् । यस वाक्यलाई किन हो कुन्नि लेखकले आफ्नो पुस्तकमा उल्लेख गरेका छैनन् ।

शाहकालीन सङ्गीतको कुरा गर्दा माथवरसिंह थापाको शासनकालमा नेपालस्थित ब्रिटिस रेजिडेन्ट हेनरी लरेन्सका जीवनी लेखकले त्यो बेला दरबारकी गायिका हीराले राग भूपालमा गाउने गरेको दुई ओटा गीतको अङ्ग्रेजीमा अनुवाद गरेका छन् । यी गीतहरु गायिकाले हातमा वीणा लिएर आनन्दी मनले गाउने र आफ्नो गानबजानद्वारा माथवरसिंहलाई प्रसन्न पार्ने कुरा गीतमा नै व्यक्त गरिएको छ (एडवार्ड : सन् १८७३) । पुस्तकमा यी दुवै गीतबारे कुनै उल्लेख छैन । त्यस्तै प्रकारले शाह राजाहरूका पालामा रचना गरिएका नेवार भाषाका गीतमध्ये केहीको शीर्षकलाई नेपाली भाषामा अनुवाद गरी परिशिष्टमा राखिएका छन् । यसबाट पाठकलाई ती सबै नेवार भाषामा रचित गीत भएको तथ्य थाहा हुँदैन ।

लेखकले वीर शमशेरको शासन काललाई शास्त्रीय सङ्गीतको स्वर्णकाल भनी प्रशंसा गरेका छन् । हुन पनि उनको शासनकालको उत्तरार्द्धमा वगडीमा भएको सङ्गीत सम्मेलन (यसको चर्चा लेखकले विस्तृत रूपमा गरेका छन्), र उनको दरबारमा रहेका धेरै भारतीय वस्ताजहरूबाट शास्त्रीय सङ्गीतले नयाँ रूप लिएको कुरालाई त मान्न सकिएला तर यसले नेपालको मौलिक सङ्गीतलाई 'हिन्दुस्तानी सङ्गीत पद्धतिले पूर्णरूपमा कब्जा गऱ्यो' भनेर राजगायक-सङ्गीतकार जनार्दन समले व्यक्त गरेका छन् । कमल दीक्षितले पनि वीर शमशेर को पालामा 'नेपाली सङ्गीतको दुर्दशा' भएको कुरा औँल्याएका छन् (सायमी : २०५८) ।

लेखकले राणाकालीन नेपालको दरबारमा रहेका भारतीय सङ्गीतज्ञहरूको साथै नेपाली सङ्गीतज्ञहरूको पनि परिचय दिएका छन् । तर तीमध्ये अधिकांश शास्त्रीय सङ्गीतज्ञ तथा वाद्यवादकहरु नै रहेका छन् । गायक गायिकाका रूपमा केवल तीन जनाको नाम उल्लेख गरिएको छ । ती हुन् – मित्रसेन, रत्नदास प्रकाश र मेलवादेवी । उनीहरूको पनि साधारण परिचय मात्रै दिइएको छ । उनीहरूले गाएका प्रसिद्ध गीतहरूको समेत उल्लेख गरिएको छैन । यस प्रकरणमा सेतुरामबारे कुनै उल्लेख

नहुनु ज्यादै खट्किने कुरो रहेको छ । वास्तवमा आफ्नो आवाजमा गीत रेकर्डिङ गर्ने पहिलो नेपाली गायक सेतुराम नै हुन् । चन्द्र शमशेरको शासनकालमा उनले रेकर्ड गर्न लगाएका नेपाली भाषाका सोह्र तथा नेवार भाषाका बाह्र ओटा गीतको सूची मनोहरगोपालले आफ्नो सङ्गीत सम्बन्धी पुस्तकमा दिएका छन् (गुर्वाचार्य : २०७७) । प्रस्तुत पुस्तकमा त्यस्ता व्यक्तिको चर्चा नहुनु उनीप्रति अन्याय गरेको ठहरिन्छ । यसको बदला रेग्मी, तण्डुकार, मिश्र, शर्मा, र श्रेष्ठ घरानाका सङ्गीतज्ञहरूको भने धेरै प्रशंसा गरिएको छ, र यसका लागि राणा शासकहरूको तारिफ पनि गरिएको छ ।

पुस्तकको अन्तिम अध्यायमा लेखकले वि. सं. २००७ साल पछिको नेपाली सङ्गीतका विविध पक्षबारे चर्चा गरेका छन् । वास्तवमा नेपाली सङ्गीतको विकासमा त्यति बेलाका गायक तथा सङ्गीतकारहरूको अतुलनीय भूमिका रहेको छ । परन्तु लेखकले धर्मराज थापा, नातिकाजी, शिवशङ्कर, उर्मीलाकुमारी, तारादेवी, अम्बर गुरूङ, अरूणा लामा जस्ता सङ्गीतकर्मीबारे केही चर्चा गरेका छैनन् । पहिले हिन्दी फिल्मी सङ्गीतले नेपाली सङ्गीतलाई प्रभाव पार्ने गरिएकोमा वि. सं. २००७ साल पछिका नेपाली सङ्गीतले हिन्दी सङ्गीतलाई केही हदसम्म प्रभाव पारेको देखिन्छ । नातिकाजीको 'पहाड बसी वनैमा खेली हुर्केकी अकेली'लाई सङ्गीतकार रोशनले हिन्दी चलचित्रको एउटा गीतमा हुबहु नक्कल गरेको तथा अरूणा लामा र रूद्रमणिले गाएका 'हे कान्छा मलाई सुनको तारा खसाइदेऊ न' भन्ने गीतलाई राहुलदेव वर्मनले एउटा फिल्मी गीतमा मुखडा र अन्तरासमेत हुबहु नक्कल गरेको तथ्यलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

नेपाली सङ्गीतबारे कलम चलाउने व्यक्तिहरूको चर्चाका प्रसङ्गमा लेखकले केवल रामशरण दर्नाललाई उल्लेख गरेका छन् । त्यस विधामा कलम चलाउने अन्य व्यक्तिहरू रहेको यथार्थलाई लेखकले बिर्सेको प्रतीत हुन्छ । यससँग सम्बन्धित विदेशी विद्वान्हरू पनि उल्लेख भएका छन् तर तिनका अधिकांश कृतिहरू सन्दर्भ सामग्रीमा समावेश भएका छैनन् । यस प्रकरणमा सेगफ्रायड लियनहार्डको नाम छुट्नुलाई निकै उदेकलाग्दो मान्नुपर्ने हुन्छ । तिनै लियनहार्डले मल्लकाल र शाहकालका एक सय ओटा गीतलाई अनुवादसहित व्याख्या गरेका छन् (लियनहार्ड : सन् १९९२) ।

नेवार भाषामा रचित गीतका सन्दर्भमा नेपाली साहित्यमा यसको प्रभाव परेको स्पष्ट देख्न सकिन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको अति चर्चित कृति 'मुनामदन' राजा राजेन्द्रविक्रम शाहको शासनकालमा नेवार भाषामा रचित गीतको आधारमा तयार गरिएको थियो । 'मुनामदन'मा प्रयुक्त भाषा र छन्द तारिफयोग्य छन्, अपितु त्यसको विषयवस्तु नेवार भाषाको गीतबाट लिइएको यथार्थलाई बिर्सिनु हुँदैन ।

पुस्तकको अन्त्यमा लेखकले लामो इतिहास बोकेको शास्त्रीय सङ्गीतलाई 'भारतीय सङ्गीत' भन्न नहुने कुरालाई पुनः औंल्याउँदै यसलाई 'दक्षिण एसियाली सङ्गीत' भन्नु उपयुक्त हुने तर्कलाई अघि सारेका छन् । यसका लागि नेपाल सरकार र यस क्षेत्रका अन्य राष्ट्रले समेत पहल गर्नुपर्ने लेखकको मत रहेको छ ।

पुस्तकमा केही तथ्यगत गल्तीहरु पनि रहेका छन् । प्रस्तुत पुस्तक समीक्षामा तीमध्ये केही उल्लेख गरिन्छ । लेखकले संवत् ३८६ को चाँगुनारायणको अभिलेखलाई हालसम्म प्राप्त सबै भन्दा पुरानो अभिलेख मानेका छन् (पृ. १०२) । संवत् ३८१ को पशुपतिको अभिलेख र संवत् १०७ को लाजिम्पाटको



अभिलेख धेरै वर्ष अगाडि नै प्रकाशमा आइसकेका छन् । त्यस्तै दुन्दे खाँ सन् १८५७ को विद्रोहपछि भागेर नेपाल आएको र उनलाई वीर शमशेरले शरण दिएको उल्लेख गरिएको छ (पृ. १७३) । वास्तवमा दुन्दे खाँ वीर शमशेरकै समयमा नेपाल आएको देखिन्छ, जङ्गबहादुरको समय (सन् १८५७) मा होइन । साथै सन् १९४० को दशकका प्रसिद्ध भारतीय सङ्गीतकार खेमचन्द्र प्रकाश वीर शमशेरको समयमा नेपाल आएको कुरा उल्लेख गरिएको छ (पृ. १७४) । वास्तवमा उक्त सङ्गीतकारको जन्म वीर शमशेरको मृत्युपश्चात् सन् १९०७ मा भएको थियो । लेखकले भीम शमशेरको समयमा अर्थात वि. सं. १९८८ मा मोहन शमशेर मुख्तियार भएको कुरा उल्लेख गरेका छन् (पृ. १६४) । यो पनि सही होइन । भीम शमशेरको शासनकालभरि जुद्धशमशेर मुख्तियार थिए । वि. सं. २००२ मा पद्म शमशेर प्रधानमन्त्री भएपछि मात्रै मोहन शमशेर मुख्तियार बनेका थिए । पुस्तकमा अन्य गल्ती पनि पाइनाले लेखकमा नेपालको इतिहास सम्बन्धी राम्रो जानकारी नभएको तथ्य स्पस्ट हुन्छ ।

यस्ता सानातिना गल्तीलाई गौण नै मान्नुपर्ने हुन्छ, र त्यसले पुस्तको स्तरलाई कम गरेको छैन । तथापि एक जना प्रसिद्ध सङ्गीतज्ञले तयार गरेको पुस्तकमा नेपाली सङ्गीतको इतिहासको साथै त्यस बेलाका गीत सङ्गीतको स्तर र स्वरूप, त्यसमा निहित राग र ताल को सूक्ष्म अध्ययन, वाद्ययन्त्रहरूको उपयोग सम्बन्धी मूल्याङ्कन, र सकिन्छ भने त्यति बेलाका गीतको नोटेसन समेत दिइएको भए यो ग्रन्थ नेपाली सङ्गीतको क्षेत्रमा अतुलनीय देन हुने थियो । यी कुराको अभावमा प्रस्तुत पुस्तकले नेपाली सङ्गीतका शिक्षक, विद्यार्थी एवम् सङ्गीतज्ञहरूको धीत मार्न त सक्दैन तर नेपाली गीत सङ्गीतको ऐतिहासिक पक्षमा रूचि राख्ने असङ्ख्य पाठकहरूका लागि भने यो पुस्तक पठनीय र उपयोगी सावित हुने छ ।

### सन्दर्भ सामग्री


सायमी, प्रकाश (वि. सं. २०५८), *नेपाली सङ्गीतको स्वर्णीम युग,* काठमाडौँ : भावक अभियान नेपाल, पृ. १

गुर्वाचार्य, मनोहरगोपाल (२०७७), *नेपाली सङ्गीतको विकासक्रम : खोज तथा सङ्ग्रह,* ललितपुर : ललितपुर संस्कृति सम्बर्द्धन केन्द्र, पृ. ८६ र ९४

Lienhard, Siegfried (1992), *Songs of Nepal: An Anthology of Nevar Folksongs and Rhymes,* Delhi: Motilal Beardless Publishers, pp. 19-104

Edwards, Herbart B. and Merivale, Herman (1873), *Life of Sir Henry Lawrence,* London: Smith Elder, and Co. (Third Edition), pp. 332-33


◀ ***कर्णनरसिंह राणा, नेवार वाद्यवादन टोली,*** इ. सं. १९९७, जलरङ